# सानीभेरी गाउँपालिकाको शिक्षा नीति,२०७५

गाउँकार्यपालिकाबाट पारीत मितिः २०७५।०८।०९

**दीर्घकालीन सोंच**

सानीभेरी गाउँपालिका क्षेत्रका विद्यालय उमेर समूहका बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक,वैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सीपयुक्त शिक्षाको पहुंच सुनिश्चित गर्दै दक्ष, आत्मनिर्भर, शिक्षित र सक्षम नागरिक तयार गरी शान्त,समृद्ध, व्यवस्थित र सभ्य गाउँपालिका निर्माण गर्ने।

**सानीभेरी गाउँपालिकाले अवलम्वन गर्ने शिक्षा नीतिहरु**

१. ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षामार्फत आधारभूत शिक्षाको लागि तयार पारिनेछ ।

२. ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुंच सुनिश्चित गरिनेछ ।

३. १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाका लागि गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सान्दर्भिक माध्यमिक शिक्षामा पहुंच अभिवृद्धि गरिनेछ ।

४. स्थानीय पाठ्यक्रम निर्माणलाई निर्दिष्ट ढाँचाअनुरुप स्थानीय आवश्यकताका आधारमा व्यावहारिक, जीवनोपयोगी एवम् समसामयिक बनाइनेछ ।

५. राष्ट्रिय पाठ्यक्रम प्रारुपलाई आधार मान्दै संघीय, प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुलाई समेत ध्यान दिइ पाठ्यपुस्तक लगायत अन्य खुला सन्दर्भ सामग्रीहरुको खोजी र प्रयोगमा जोड दिइनेछ।

६. शिक्षाको माध्यम भाषा मातृभाषा,नेपाली वा अंग्रेजी हुनसक्नेछ ।

७. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक मूल्याङ्कनको व्यवस्था मिलाइनेछ। शिक्षक, विद्यार्थी, अभिभावक, वडा शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाको सहभागितामा विद्यार्थी सिकाई उपलब्धीको समिक्षा तथा विश्लेषण गरी शिक्षण सिकाइ सुधारका उपायहरु पहिचान गरी अवलम्बन गरिनेछ साथै मूल्याङ्कनको अभिलेखीकरण र प्रमाणिकरणलाई व्यवस्थित गरिनेछ ।

८. विद्यालयमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यालयको भौतिक पुर्वाधारको अध्ययन विश्लेषण गरी सुधारको कार्ययोजना तय गरिनेछ ।

९. प्रत्येक बर्ष शैक्षिक सत्र शुरु हुनु अगावै विद्यार्थी संख्या, विषय, संचालित कक्षा र तहको आधारमा विद्यालयहरुको वितरण, पुनर्वितरण, कक्षा तथा तह थप, कक्षा तथा तह बन्द, कक्षा तथा तह गाभ्ने, विद्यालय सार्ने, गाभ्ने तथा विद्यालय वन्द गर्ने काम गरी विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरिनेछ ।



नरबहादुर पुन
अध्यक्ष

१०. संघिय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐनमा उल्लेख भई आएमा सोही अनुसार र नभएमा गाउँ शिक्षा ऐन र नियमावली तथा अन्य कार्यविधि अनुसार शिक्षक कर्मचारी व्यवस्थापन गरिनेछ ।

११. प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाइनेछ।

१२. शिक्षकहरुलाई आ-आफ्नो विषयको विद्यार्थी सिकाइ उपलब्धीको लागि जिम्मेवार तथा जवाफदेही बनाइनेछ ।

१३. शिक्षकहरुलाई सिकाइ उपलव्धि तथा कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ।

१४. गाउँपालिका स्तरमा राजनैतिक आस्था तथा विचारका आधारमा स्थापना गरिएका शिक्षक कर्मचारीका दलगत ट्रेड यूनियन तथा संगठनहरु भन्दा शिक्षक कर्मचारीका पेशागत हकहितको रक्षा तथा व्यावसायिक दक्षता अभिबृद्धिको लागि गाउँपालिका स्तरमा आधिकारीक रुपमा एक मात्र शिक्षक कर्मचारी पेसागत महासंघ रहने कानूनी प्रावधान गरिनेछ ।

१५. विद्यालय हाताभित्र विद्यालय समयमा शिक्षण सिकाइलाई नकारात्मक असर पर्नेगरी दलगत सभा, सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण, कार्यक्रम लगायतका दलगत राजनीतिक गतिविधि गर्नको लागि पूर्णतया रोक लगाइनेछ ।

१६. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई वैकल्पिक तथा खुला शिक्षाको माध्यमबाट शिक्षा प्राप्त गर्ने र प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ ।

१७. महिला तथा आर्थिक रुपले विपन्न समुदायलाई केन्द्रविन्दुमा राखी युवा तथा प्रौढहरुलाई अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको माध्यमबाट जीवनोपयोगी, आधारभूत गणितीय तथा साक्षरता सीप प्रदान गरिनेछ ।

१८. प्राविधिक तथा व्यावसायिक शिक्षालाई सीपमूलक बनाई स्थानीय रोजगारी तथा स्वरोजगारी सृजनामा केन्द्रित गरिनेछ ।

१९. शिक्षक तालिमलाई खोज, अनुसन्धान र आवश्यकतामा आधारित बनाई नविनतम प्रविधिमैत्री बनाइनेछ ।

२०. विद्यालयका भौतिक, शैक्षिक, आर्थिक र मानवीय पक्षलाई व्यवस्थित गर्नको लागि शिक्षक, अभिभावक र विद्यार्थीको सहभागितामा जिम्मेवारी किटानी सहितका विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक संघ लगायतका समिति तथा उपसमितिहरुको निर्माण तथा कार्यान्वयन गरिनेछ ।

२१. विशेष आवश्यकताका बालबालिकाका लागि आवासीय सुविधा सहितको विद्यालयहरु संचालन गरिनेछ । प्रत्येक वडामा न्यूनतम पूर्वाधार र गुणस्तर सहितको नमुना सामुदायिक विद्यालयको स्थापना, संचालन गरिनेछ ।

२२. चरम गरिबीले आक्रान्त, द्वन्दपिडित, अभिभावक गुमाएका र असहाय बालबालिकालाई गाउँपालिका स्तरमा आवासीय रुपमा पठनपाठनको व्यवस्था मिलाइनेछ ।



नरबहादुर पुन
अध्यक्ष

२३. गाउँपालिका स्तरमा संचालित तथा संचालन हुन चाहने संस्थागत विद्यालयहरुले गाउँपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न, गरिब, दलित तथा सिमान्तकृत समुदायका बालबालिकालाई ऐन, नियमावलीले तोकेको निश्चित कोटामा निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२४. गाउँपालिकाको प्रत्येक वडामा न्यूनतम पुर्वाधारहरु रहेको कम्तिमा एउटा नमुना विद्यालय संचालनमा ल्याइनेछ ।

२५. गाउँपालिका स्तरमा दिर्घकालीन, मध्यमकालीन र तत्कालीन शैक्षिक सुधारका अभियानहरु संचालन गरिनेछ ।

२६. गाउँपालिका स्तरमा संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण र व्यवस्थापन गरिनेछ ।

२७. गाउँपालिका स्तरमा बन्ने नीति, ऐन, नियम तथा कानून निर्माणमा शैक्षिक सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

२८. गाउँपालिका स्तरमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शिक्षा, युवा तथा खेलकुदसंग सम्बन्धित कार्यक्रमलाई एकिकृत गरी गाउँपालिकाको एकद्वार प्रणालीमार्फत संचालन गरिनेछ ।

२९. “एक विद्यालय- एक पुस्तकालय” को नीति अवलम्बन गरिनेछ।

३०. “एक विद्यालय- एक प्रारम्भिक बालविकास केन्द्र” को नीति अवलम्बन गरिनेछ।

३१. विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठनलाई कार्यान्वयनमा ल्याइनेछ।

३२. शिक्षण सिकाईमा सुचना तथा सञ्चार प्रविधि(ICT)को प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ।

३३. प्रत्येक माध्यमिक विद्यालयमा गणित, अंग्रेजी र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।

३४. अभिभावक सचेतनाका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३५. गाउँपालिकाको सम्पूर्ण शैक्षिक गतिविधि समावेश भएको शैक्षिक प्रोफाइल निर्माण गरिनेछ।

३६. बालविवाह न्युनीकरणलाई विद्यालय शिक्षा संग आवद्ध गरी अगाडी बढाइनेछ।

३७. सानीभेरी गाउँपालिकालाई बालविवाह तथा छुवाछुत मुक्त गाउँपालिका बनाउनको लागि शिक्षा क्षेत्रलाई वृहत रुपमा परिचालन गरिनेछ।

३८. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गरिनेछ।

३९. गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्रतिस्पर्धाका आधारमा उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनको व्यवस्था मिलाइनेछ।

***



नरबहादुर पुन
अध्यक्ष